# विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

सूचना नं. १/२०७९/८०

**कार्यक्षमताको मूल्यांकनद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०१/०१ गते)

लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०७८ (संशोधन सहित) बमोजिम यस आयोगमा रिक्त देहायका पदहरु कार्यक्षमताको मूल्यांकनको आधारमा बढुवा गरी पूर्ति गर्नु पर्ने भएकोले दरखास्त दिने अन्तिम मिति सम्ममा विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०७८ (संशोधन सहित) को नियम ३९ बमोजिम बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा तोकिएको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेका सम्भाव्य उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा आयोगको कार्यालय सानोठिमी, भक्तपुरमा प्राप्त हुने गरी रित पूर्वकको दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बढुवा सूचना नं. | पद | श्रेणी | सेवा | समूह | रिक्त पद संख्या |
|---|---|---|---|---|---|
| १/२०७९/८० | निर्देशक | अधिकृतस्तर प्रथम | प्रशासन | -- | १ (एक) |
| २/२०७९/८० | उप-निर्देशक | अधिकृतस्तर द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ (एक) |
| ३/२०७९/८० | सहायक निर्देशक | अधिकृतस्तर तृतीय | प्रशासन | सामान्य प्रशासन | १ (एक) |
| ४/२०७९/८० | सहायक निर्देशक | अधिकृतस्तर तृतीय | प्रशासन | लेखा | १ (एक) |

नोटः

१. उम्मेदवारले दरखास्तसाथ नियुक्ति, शैक्षिक योग्यताको प्रमाणपत्र र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ । विदेशी विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधिको हकमा समकक्षताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

२. बढुवाको लागि न्यूनतम सेवा अवधिः अधिकृतस्तरको पदका लागि बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा पाँच वर्ष स्थायी सेवा अवधि पुरा भएको हुनु पर्नेछ ।
तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका कर्मचारीहरुको हकमा उल्लिखित सेवा अवधिमा एक वर्ष कम भए पनि सम्भाव्य उम्मेदवार हुन सक्ने छन् ।

३. नियमावलीको नियम४० बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने कर्मचारीहरुले दरखास्त पेश गर्न योग्य हुने छैनन् ।

४. दरखास्त दस्तुर वापत अधिकृतस्तर प्रथम श्रेणी, निर्देशक पदको लागि रु.१५००/-, अधिकृतस्तर द्वितीय श्रेणी उप-निर्देशक पदको लागि रु.१२००/-, अधिकृतस्तर तृतीय श्रेणी सहायक निर्देशक पदको लागि रु. १०००/- मात्र विश्वविद्यालय अनुदान आयोगको नाममा राष्ट्रिय बाणिज्य बैंक, सानोठिमी शाखा वा बैंकको अन्य कुनै शाखाबाट आयोगको खाता नं. १७३०१००००२१४००१ मा जम्मा गरी सोको सक्कल भौचर आयोगको आर्थिक प्रशासन शाखामा बुझाएर त्यहाँबाट प्राप्त रसिद दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

५. दरखास्त फाराम आयोगको वेभसाईट www.ugcnepal.edu.npबाट Download गर्न सकिनेछ ।
बढुवा सम्बन्धी अन्य व्यवस्था विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०७८ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति